# चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०

फ्याक्स : ०६६- ४४०१७०

Email:chamegaupalika@gmail.com

www.chamemun.gov.np

गण्डकी प्रदेश, नेपाल


## मिति २०७९।०३।२४ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. सार्वजनिक खरिद नियमावली, २०६४ (१२ औ संसोधन) को दफा १२० 'क' बमोजिम चामे गाउँपालिकामालाई थप आर्थिक व्ययभार नपर्ने गरी तथा निर्माण व्यवसायीलाई माइलस्टोन तोकी निम्नानुसारको योजनाको म्याद थप गर्ने सर्वसम्मत निर्णय गरीयो ।

**तपशिल**

| क्र स | योजनाको नाम | स्थान | लागत इष्टिमेट | व्यवसायी को नाम | कवोल अक (भ्याट सहित) | योजना सम्पन्न गर्ने मिति | थप भएको सम्झौता अवधी | हाल सम्मको खर्च |
|---|---|---|---|---|---|---|---|---|
| १. | सिटिहल निर्माण | चामे ४ मनाङ | रु.३,६०,६७,६४७।९८ | पराजुलि कन्स्ट्रसन | रु.२,७७,०३,३७२।२५ | २०७८।०९।२९ | २०७९।०३।२८ | रु.२,४३,९१,९७६।५१ |
| २. | लोकप्रिय मा.वि.छात्रवास | चामे ४ मनाङ | रु.३,२१,८५,३३६।२७ | धुलिखेल जेके जेभि | रु.२,८३,७३,०२५।२९ | २०७९।०३।०९ | २०७९।०९।०८ | रु.१,३०,५८,९६८ |
| | चामे बजार खानेपानी र ढल निर्माण | चामे ४ मनाङ | रु.३,००,०१,०९४।३५ | जि एस ईन्जिनियरिङ एण्ड कन्स्ट्रसन प्राली | रु.१,८३,६५,९१४।७० | २०७९।०२।०८ | २०७९।०८।०७ | रु.४३,५०,१८९।९२ |

२. मनाङ जिल्ला फुटबल संघलाई जिल्ला फुलबल तथा लिग प्रतियोगिता सञ्चालन गर्न गैसस लागत साझेदारी अन्तर्गत आ.व. २०७८।०७९ मा रु. ५ लाख वजेट विनियोजन भएको र उक्त फुटबल संघ र पालिकाबीचको सम्झौता बमोजिम भुक्तानी दिइएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

३. लोकप्रिय मा.वि.लाई विपद व्यवस्थापनका लागि तटबन्धन सम्बन्धमा जिल्ला प्रशासन कार्यालय मनाङको च.न. ५७८ मिति २०७९।०३।१२ को पत्रानुसार तटबन्धन र संरक्षण कार्यका लागि आवश्यक रु. १० लाख बजेट नुमना विद्यालयलाई शसर्त अनुदानमा प्राप्त शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

४. विकास निर्माण कार्यका लागि इन्द्र दल गुल्ममा भण्डारण भएको चामे गाउँपालिकाको देहाय अनुसारको विष्फोटक पदार्थ लामो समयदेखि प्रयोगमा नआई काम लाग्ने अवस्थामा नरहेको ब्यारेकबाट जानकारी प्राप्त भएकोले डिस्पोज गरिदिन इन्द्रदल गुल्मलाई अनुरोध गर्ने निर्णय गरियो ।

- जिलेटिन - ११८३ के.जी.
- डेटोनेटर - ६३८७ गोटा
- फ्युज वायर - १९८२.५ मिटर

चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
फ्याक्स : ०६६- ४४०१७०
Email:*chamegaupalika@gmail.com*
*www.chamemun.gov.np*

गण्डकी प्रदेश, नेपाल

५. खानेपानी पाईप खरिद सम्बन्धमा

चामे गाउँपालिका अन्तर्गत वडा नं. ४ र ५ क्षेत्र भित्र आपुर्ति भई रहेको खानेपानी पाइप बर्षाका कारण विग्रन गई अस्थायी मर्मत गर्नुपर्ने भनी वडा कार्यालयबाट माग भई आएकोले तत्काल करिब २२०० मिटर जति पाईप आवश्यक परेकोले आन्तरिक श्रोततर्फ भैपरी आउने पुजिगत खर्च शिर्षकमा रहेको ६ लाख ५६ हजार मध्येबाट रु. ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।